९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले केन्द्र देखि स्थानीय स्तरसम्म संस्थागत संरचना तोकिदिएको छ जुन संरचनाको जिम्मेवारी आगलागीबाट समुदाय तथा प्राकृतिक स्रोतको संरक्षण गर्नु पनि हो ।

१०. नेपालमा भएका आगलागीका घटनाहरू प्रायजसो सुख्खा मौसममा बढी हुने भएकाले विगतमा आगलागीबाट भएका ठूला क्षतिलाई दोहोरिन नदिनका लागि संघीय, प्रदेश र स्थानीय सरकारले प्राथमिकताका साथ आवश्यक पूर्व तयारी, न्यूनीकरण र प्रतिकार्यका लागि प्रभावकारी कदम चाली योजनबद्धरूपमा अगाडी बढ्न जरूरी रहेको छ ।

११. आगलागीका ९० प्रतिशत बढी घटना असावधानिकै कारण हुने गरेकोले आगलागी हुन नदिन प्रत्येक नगरपालिकाले समुदाय स्तरमा विभिन्न जनचेतना मूलक कार्यक्रम संचालन गर्ने गराउने गर्नुपर्दछ ।

१२. प्रत्येक नगरपालिकाले स्रोत साधन तथा क्षमता अभिवृद्धि र विपद् व्यवस्थापनका लागि नीतिगत प्रयास लागु गर्नुपर्नेछ ।

१३. प्रत्येक नगरपालिकाले विपद् पूर्व औषधी उपचार र राहत सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

१४. आगलागीबाट छोटो समयमा धेरै क्षति पुग्ने हुनाले आगलागी नियन्त्रणका लागि दमकल लागायत उपकरणहरू तथा विशेष दक्षता भएका व्यक्तिहरूको आवश्यकता पर्ने भएकाले आगलागी नियन्त्रणका लागि संघ देखि स्थानीय तहसम्मलाई व्यवस्थापन गर्न बनेको कानून तथा नीति अनुसार प्रत्येक नगरपालिकाले तयारी गर्नुपर्दछ ।

१५. प्रत्येक नगरपालिकाले वारूणयन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्ययोजना तयार गर्नुपर्दछ ।

१६. प्रत्येक नगरपालिकाले वहुप्रकोप प्रतिरोधी भवन संहिता तथा भवन सम्बन्धी मापदण्डको उचीत व्यवस्थापन गर्नुपर्दछ ।

१७. प्रत्येक नगरपालिकाले दमकल लगायत अग्नि नियन्त्रणका आधुनिक उपकरण तथा औजारहरूको सूची तयार गरी आवश्यक सामग्री तयारी अवस्थामा राख्ने गर्नुपर्दछ ।

१८. प्रत्येक नगरपालिकाले आगलागी नियन्त्रणका लागि पूर्व तयारी, प्रतिकार्य र आगलागी पश्चात गरिने राहत तथा पूनर्लाभको लागि रणनीतिक योजाना तयार गर्नुपर्दछ ।

'यो पर्चा अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पर्चा भित्रका विषयवस्तु र सामग्री नेपाल नगरपालिका संघका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्दछ भन्ने जरूरी छैन ।'

**नेपाल नगरपालिका संघ**
५३०-पण्डोल मार्ग, लाजिम्पाट
पो.ब.नं. १४२८६, काठमाण्डौं, नेपाल
फोन नं. ००९७७-१-४४२५६९२, ४४२०५५९
Web: www.muannepal.org.np, Email:info@muannepal.org.np

**सहयोगी**

USAID
अमेरिकी जनताबाट

**प्रकाशन**



# नेपालमा वारूणयन्त्र (दमकल) संचालन तथा व्यवस्थापनका लागि विद्यमान कानूनि तथा नीतिगत व्यवस्था

नेपालमा समग्र विपद् व्यवस्थापनका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले केन्द्र देखि स्थानीय तहसम्म संस्थागत संरचना तोकिदिएको छ । जुन संरचनाको जिम्मेवारी आगलागीबाट समुदाय तथा प्राकृतिक श्रोतको संरक्षण गर्नु पनि हो । छोटो समयमा धेरै क्षति पुर्याउने र आगलागीको नियन्त्रणका लागि दमकल लगायत उपकरण तथा विशेष क्षमता भएका व्यक्तिहरूको आवश्यकता पर्ने भएकाले आगलागी नियन्त्रणको लागि संघ देखि स्थानीय तहसम्मलाई व्यवस्थापन गर्न बनेको कानून तथा नीति अनुसार विभिन्न सरोकारवालाहरूलाई बाध्यकारी भूमिका प्रदान गरेको छ ।

स्थानीय सरकारका निर्वाचित पदाधिकारीहरू, अग्नि नियन्त्रण केन्द्रका कर्मचारीहरू र स्थानीय सरकारका कार्यालयमा कार्यरत कर्मचारीहरू उनीहरूको निर्धारित भूमिका अनुसार संलग्न हुन्छन् । आगलागी नियन्त्रण कुनै एउटा व्यक्ति, परिवार, समुदाय, स्थानीय सरकार सबैको जिम्मेवारी हो । नेपालमा दिगो अग्नि नियन्त्रणको लागि दमकलको उचित व्यवस्थापन सम्बन्धी केही नीतिगत तथा संस्थागत व्यवस्था गरको पाईन्छ ।

त्यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) मा देशभरी बढ्दै गईरहेको आगलागी र वन डढेलोलाई नियन्त्रण गरी यसबाट हुने क्षति नियन्त्रणका लागि योजनाबद्ध तरिकाबाट सबै सरोकारवालाहरूको समन्वय र सहकार्यमा यस कार्यलाई अगाडी बढाउन विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) को प्राथमिकता प्राप्त क्षेत्र १- विपद् जोखिम बारे बुझाई खण्डको ४.१ मा आगलागी र वन डढेलोका जोखिम आंकलनका लागि रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् । यसैगरी उक्त रणनीतिक योजनाको अध्याय ७ प्राथमिकता प्राप्त क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निमाणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढिकरणको खण्ड ७.५ खोज तथा उद्धारको क्षमता अभिवृद्धि तथा आगलागी र वन नियन्त्रण क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न व्यवस्था गरी विपद् पश्चात खोज र उद्धारको जिम्मेवारी तोकिएको अवस्था छ । विपद्को घटना पछि स्वत: स्फुर्त रूपमा आउने जागरूकता, मानविय सहयोगको भावना र राहत सहयोगको एकिकृत प्रयोग हुन नसकि हरेक पटक अलमल, दुविधा र अन्तरविरोध देखापर्ने गरेकोले प्रत्येक नगरपालिकाले विपद् पश्चात राहतको संकलन र परिचालनमा दोहोरोपना आउन नदिन एक निर्देशिका वा कार्य संचालन विधि तर्जुमा गरी लागु गर्नु पर्ने आवश्यकता देखिन्छ ।

## वारूणयन्त्र (दमकल) सम्बन्धी नीतिगत प्रावधानहरू तथा नगरपालिकाको जिम्मेवारी

१ कुनै स्थानमा विपद् परेमा वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल सूचाना दिनुपर्नेछ ।

२. वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

## वारूणयन्त्र (दमकल) व्यवस्थापन सम्बन्धी नीतिगत तथा संथागत व्यवस्थाहरू:

- सर्वप्रथम सन् १९९४ मा राष्ट्रिय अग्नि सुरक्षा आचार संहिता, १९९५ मा स्थानीय स्वायत्त शासन ऐन र १९९६ मा स्थानीय स्वायत्त शासन नियमावली तर्जुमा भएको पाईन्छ ।
- सन् १९९७ मा अग्नि सुरक्षा ऐन २०१० मा दमकल संचालन तथा व्यवस्थापन निर्देशिका बनाई यसको कार्यान्वयन मार्फत अग्नि नियन्त्रणलाई थप प्रभावकारी बनाएको पाईन्छ ।
- नेपाल सरकारले सन् २००८ मा मन्त्रिपरिषदको निर्णयबाट दमकलको स्वामित्व गृह मन्त्रालयबाट तत्कालिन स्थानीय विकास मन्त्रालयमा हस्तान्तरण गर्न निर्णय गरेको र उक्त निर्णयको कार्यान्वयन २००९ मा भएको ।
- सन् २०१० मा दमकल संचालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा आएको पाईन्छ ।
- सबै स्थानीय निकायलाई भूकम्प, आगलागी तथा बाढी पहिरो जस्ता सम्भावित प्राकृतिक प्रकोप नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा छुट्टै कार्ययोजना बनाई लागू गर्न निर्देशित तथा प्रोत्साहित गर्ने कुरा राष्ट्रिय शहरी नीति, २०६४ मा उल्लेख गरिएको छ ।

३. आपत्कालीन कार्य सम्पादन गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारूणयन्त्र सेवा प्रदायक निकायलाई हुनेछ ।

४. संविधानमा विपद् व्यवस्थापन स्थानीय सरकारको एकल अधिकारमा रहेको छ त्यसैले संम्पूर्ण नगरपालिकाले विपद् सम्बन्धी नीति तथा कानून बनाइ लागु गर्नुपर्दछ ।

५. दमकल संचालन तथा व्यवस्थापन निर्देशिका २०६७ मा उल्लेख गरेअनुसार हरेक नगरपालिकामा न्यूनतम एउटा दमकल हुनुपर्दछ । सो निर्देशिकाको दफा ५ को (ख) मा नगरपालिकाको वार्षिक कार्यक्रम भित्र समावेश गरी खरिद तथा संचालनको व्यवस्था मिलाउन पर्ने उल्लेख गरिएको छ ।

६. प्रत्येक नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा उल्लेख भएका आगलागी नियन्त्रण सम्बन्धी व्यस्थाको पालना गर्ने गराउने गर्नुपर्दछ ।

७. प्रत्येक नगरपालिकाले दमकल संचालन तथा व्यवस्थापन निर्देशिका २०६७, संघीय वन ऐन २०७६, भवन ऐन लगाएतका ऐन, नीति तथा निर्देशिकामा भएका आगलागी नियन्त्रण सम्बन्धी व्यवस्थाको पालना गर्ने गराउने गर्नुपर्दछ ।

८. प्रत्येक नगरपालिकाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० मा भएका आगलागी नियन्त्रणका व्यवस्थाहरूको कार्यान्वयन गर्ने गराउने गर्नुपर्दछ ।